


## अन्नपूर्ण गाउँपालिका, वडा नं. ५ म्याग्दीको

# बालमैत्री स्थानीय शासन स्थितिपत्र

बालमैत्री स्थानीय शासन वडा समिति

## अन्नपूर्ण गाउँपालिका, वडा नं. ५

म्याग्दी, गण्डकी प्रदेश

# बालमैत्री वडा घोषणाका लागि प्रतिवद्धता



नेपालको संविधानले निर्दिष्ट अधिकार सहित गाउँपालिकालाई स्थानीय सरकारको रुपमा स्थापित गरेको छ । स्थानीय सरकारले आफ्ना अल्पकालीन, मध्यकालीन र दीर्घकालीन नीति निर्माण गर्ने, साधन श्रोतको व्यवस्थापन गर्ने, आवश्यक ऐन कानुन निर्माण गर्ने र भइरहेका कार्यहरुको अनुगमन गरी पृष्ठपोषण दिने कार्य गर्दछ । गाउँपालिकाले निर्माण गरेका नीति, ऐन कानुन र योजनाहरुलाई सफल कार्यान्वयनमा ल्याउन वडा कार्यालयको महत्वपूर्ण भूमिका रहन्छ ।

अन्नपूर्ण गाउँपालिकामा बालमैत्री स्थानीय शासन सुनिश्चितताका लागि आवश्यक पूर्वशर्तहरु तयार भएका छन् । गत वर्षदेखि नै गाउँपालिकाले बालमैत्री स्थानीय शासन सुनिश्चित गर्नका लागि प्रयासहरु जारी राखेको छ ।

जस अन्तर्गत, वडा तहमा बालमैत्री स्थानीय शासन वडा समिति निर्माण भई क्रियाशील रहेको छ । वडा र विद्यालय तहमा बाल क्लब गठन गरिएको छ । वडाका सम्पूर्ण घरधुरीको सर्वेक्षण गर्नुका साथै संस्थागत लेखाजोखा गरी बालमैत्री स्थानीय शासनका सूचकमा आधारित भएर बालमैत्री स्थानीय शासन वडा नं. ४ को स्थितिपत्र तयार गरिएको छ ।

सर्वेक्षण अनुसार यस वडालाई बालमैत्री अवस्थामा पुऱ्याउनका लागि केही सुधारात्मक पक्षहरु देखिएका छन्, जसमध्ये केही वडा आफैले गर्न सक्ने देखिन्छ भने केही गाउँपालिकासँगको समन्वयमा गर्नुपर्ने कार्यहरु रहेका छन् ।

गर्भवती महिलाले टिटानस विरुद्धको खोप लिने दरलाई सतप्रतिशत कायम गर्नका लागि वडाले प्रयास गर्नुपर्ने देखिन्छ । महिलाको गर्भजाँच र गर्भवती तथा सुत्केरी महिलाले आइरन चक्की खाने दरमा समेत सुधार ल्याउनुपर्ने सर्वेक्षणले देखाउँछ ।

सबै घरधुरीमा आधारभूत तहको खानेपानी सुविधाको सुनिश्चितता र सबै घरधुरीमा व्यक्तिगत शौचालयको सुनिश्चिततामा समेत सुधार गर्नुपर्ने देखिन्छ ।

वडालाई बाल विवाहमुक्त गराउनु सबैभन्दा ठूलो चुनौतिको रुपमा रहेको छ । यसैगरी, वडालाई बाल श्रममुक्त र सबैको जन्मदर्ता सुनिश्चित गर्नका लागि समेत विशेष योजना निर्माण गरी कार्यान्वयमा ल्याउनुपर्ने देखिन्छ ।

यस वडालाई बालमैत्री घोषणा गर्नका लागि सुधार गर्नुपर्ने पक्षहरुको पहिचान भइसकेको र सुधार योजना समेत तयार भएकोले यसै आर्थिक वर्षमा सुधार गर्नुपर्ने पक्षमा सुधार ल्याई वडालाई बालमैत्री अवस्थामा पुऱ्याउने प्रतिवद्धता समेत व्यक्त गर्दछु ।

यस स्थितिपत्र तयारीका क्रममा घरधुरी तथा संस्थागत सर्वेक्षण गर्ने सर्वेक्षक, तथ्यांक विश्लेषण गर्ने टिम र स्थितिपत्र तयारी गर्ने सम्पूर्ण महानुभावहरुप्रति वडाको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

गाउँपालिकास्तरीय कार्यक्रमबाट नै वडाको सर्वेक्षण गरी स्थितिपत्र तयारीमा सहयोग गर्नुभएकोमा सिंगो अन्नपूर्ण गाउँपालिका टिमप्रति समेत हार्दिक आभार व्यक्ति गर्दछु ।

यस स्थितिपत्रले औंल्याएका सूचकहरुलाई कार्यान्वयनमा ल्याई यस वडा र गाउँपालिकालाई नै बालमैत्री सुनिश्चित गर्नका लागि सम्पूर्ण निकाय, संघसंस्था एवम् महानुभावहरुबाट सहयोगको अपेक्षा गर्दछु ।

........................

राजेश तिलिजा पुन

वडा अध्यक्ष

# १. बालमैत्री स्थानीय शासनका सूचकको अवस्था

## अन्नपूर्ण गाउँपालिका, वडा नं. ५

| क्र.सं. | सूचक | विद्यमान अवस्था | घोषणा गर्न न्यूनतम अंक | कैफियत |
|---|---|---|---|---|
| **क) बाल बचाउ** | | | | |
| १. | गर्भवती महिलाहरुले कम्तिमा प्रसुतीपूर्व चार पटक र प्रसुतीपश्चात् आमा र नवजात शिशुको कम्तिमा ३ पटक स्वास्थ्य जाँच गराएका हुनेछन् | ६४.३८ प्रतिशत | ९५ प्रतिशत | |
| २. | गर्भवती महिलाले टिटानस विरुद्धको २ वटा खोप लगाएका हुनेछन् | ८७.५ प्रतिशत | ९५ प्रतिशत | |
| ३. | गर्भवती तथा सुत्केरी आमाहरुले आइरन चक्की (जम्मा २२५ वटा) खाएका हुनेछन् | ६४.७१ प्रतिशत | ९५ प्रतिशत | |
| ४. | दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराइएका हुनेछन् | १०० प्रतिशत | ८० प्रतिशत | |
| ५. | ६ महिनासम्मको शिशुलाई आमाले अनिवार्य रुपमा पूर्ण स्तनपान गराएका हुनेछन् | ९६.१० प्रतिशत | ८० प्रतिशत | |
| ६. | ६ महिनादेखि पाँच वर्ष मुनिका सबै बालबालिकालाई वर्षको २ पटक भिटामिन ए क्याप्सुल खुवाइएको हुनेछ | १०० प्रतिशत | १०० प्रतिशत | |
| ७. | एक वर्ष भित्रका प्रत्येक बालबालिकाकाले नेपाल सरकारले तोकेका सबै र पूर्ण खोप प्राप्त गरी पूर्ण खोपयुक्त घोषणा भएको हुनेछ | ९८.०६ प्रतिशत | १०० प्रतिशत | |
| ८. | एचआईभी संक्रमित आमाबाट जन्मिएका सबै बालबालिकाले ARV POrophyaixis पाएका हुनेछन् | १०० प्रतिशत | १०० प्रतिशत | |
| ९. | सबै घरपरिवारले आयोडिनयुक्त नूनको प्रयोग गरेका हुनेछन् | १०० प्रतिशत | १०० प्रतिशत | |
| १०. | कम तौल, पुड्को र ख्याउटेपन पाँच वर्ष मुनिका बालबालिकाको संख्यामा कमी आएको हुनेछ | ९९.०७ प्रतिशत | ८० प्रतिशत | |
| ११. | अति कडा कुपोषण भएका बालबालिकाको संख्या न्युन भएको हुनेछ | १०० प्रतिशत | १०० प्रतिशत | |
| १२. | सबै घरधुरीमा आधारभूत तहको खानेपानीको सुविधा उपलब्ध भएको हुनेछ | ९८.९६ प्रतिशत | १०० प्रतिशत | |
| १३. | जोखिमपूर्ण अवस्थामा साबुन पानीले हात धुने परिपाटीको विकास भएको हुनेछ | ९९.७९ प्रतिशत | १०० प्रतिशत | |
| १४. | प्रत्येक घरपरिवारले शौचालयको प्रयोग भएको तथा खुला दिसामुक्त घोषणा भएको हुनेछ । | ९९.३७ प्रतिशत | १०० प्रतिशत | |

| | | | | |
|---|---|---|---|---|
| **ख) बाल संरक्षण** | | | | |
| १५. | पाँच वर्ष मुनिका सबै बालबालिको जन्म दर्ता भएको हुनेछ | ९६.९७ प्रतिशत | १०० प्रतिशत | |
| १६. | निकृष्ट प्रकारको बाल श्रम अन्त्य गर्दै प्रभावित बालबालिकाको पुन:स्थापना भएको हुनेछ | १०० प्रतिशत | १०० प्रतिशत | |
| १७. | स्थानीय तह बालविवाह मुक्त भएको हुनेछ | ६६.४ प्रतिशत | १०० प्रतिशत | |
| १८. | घरपरिवार, समुदाय, सार्वजनिक स्थलमा बालबालिकाविरुद्ध हुने हिंसा, बेचविखन, शोषण, वेवास्ता र दुर्व्यसनमा कमी आएको हुनेछ | ८५ प्रतिशत | ८० प्रतिशत | |
| १९. | समुदायमा आधारित बाल संरक्षण प्रणाली स्थापित भई सञ्चालनमा ल्याइएको हुनेछ | ५० प्रतिशत | १०० प्रतिशत | |
| २०. | छाउपडी, कमलरीजस्ता सामाजिक कुप्रथा नरहेको हुनेछ | ७५ प्रतिशत | ९५ प्रतिशत | |
| २१. | स्थानीय तह वा समुदायले १४ वर्ष मुनिका असहाय बालबालिका भएमा उनीहरुको संरक्षण गर्न विशेष व्यवस्था गरेका हुनेछन् | ७५ प्रतिशत | १०० प्रतिशत | |
| २२. | स्थानीय तहमा सडक बालबालिकाको संख्या शून्य भएको हुनेछ । सडक बालबालिका भएमा उनीहरुलाई बालगृहमा राखी व्यवस्थापन भएको हुनेछ | १०० प्रतिशत | १०० प्रतिशत | |
| २३. | स्थानीय तहमा रहेका विद्यालयहरुले बालबालिकालाई शारीरिक तथा मानसिक यातना दिने छैनन् | ८० प्रतिशत | १०० प्रतिशत | |
| २४. | कुलतमा लागेका बालबालिकाका लागि बाल सुधार गृहमा राख्ने व्यवस्था मिलाएको हुनेछन् | ७५ प्रतिशत | १०० प्रतिशत | |
| **ग) बाल विकास** | | | | |
| २५. | ३ देखि ४ वर्ष उमेर पुगेका सबै बालबालिका प्रारम्भिक बाल विकास कक्षामा भर्ना भै टिकाउदर सतप्रतिशत रहेको हुनेछ । | १०० प्रतिशत | १०० प्रतिशत | |
| २६. | ५ देखि १४ वर्ष उमेर समूहका सतप्रतिशत बालबालिकाले आधारभूत शिक्षा पूरा गरेका हुनेछन् | ९७.८० प्रतिशत | १०० प्रतिशत | |
| २७. | प्रत्येक विद्यालयमा खानेपानीको सुविधा सहित छात्रछात्राको लागि अलग अलग शौचालयको व्यवस्था भै यसको प्रयोग भएको हुनेछ | ९० प्रतिशत | १०० प्रतिशत | |
| २८. | सबै विद्यालयका पूर्वाधार बालमैत्री, अपांगतामैत्री र सुरक्षित भएका हुनेछन् | ८५ प्रतिशत | १०० प्रतिशत | |
| २९. | प्रत्येक विद्यालयमा अतिरिक्त क्रियाकलाप | १०० प्रतिशत | १०० प्रतिशत | |

| | | | | |
|---|---|---|---|---|
| | सम्बन्धी कार्यक्रम सञ्चालन भएको हुनेछ | | | |
| ३०. | सबै विद्यालयले कुहिने र नकुहिने फोहर अलग अलग विसर्जन गर्ने व्यवस्था गरेका हुनेछन् | ९० प्रतिशत | १०० प्रतिशत | |
| **बाल सहभागिता** | | | | |
| ३१. | स्थानीय तहमा समावेशी आधारमा बाल सञ्जाल गठन भई क्रियाशील भएका हुनेछन् | १०० प्रतिशत | ९५ प्रतिशत | |
| ३२. | स्थानीय तहका बस्ती वा टोल र विद्यालयहरुमा समावेशी आधारमा बाल क्लब गठन भई क्रियाशील भएका हुनेछन् । | १०० प्रतिशत | ९५ प्रतिशत | |
| ३३. | ५ कक्षाभन्दा माथि अध्ययन अध्यापन हुने विद्यालयका व्यवस्थापन समितिमा बाल क्लबको प्रतिनिधित्व भएको हुनेछ । | ५० प्रतिशत | १०० प्रतिशत | |
| ३४. | स्वास्थ्य व्यवस्थापन समितिमा बाल क्लब वा सञ्जालको प्रतिनिधित्व भएको हुनेछ । | ५० प्रतिशत | १०० प्रतिशत | |
| ३५. | स्थानीय तहमा रहेका बालबालिका सम्बन्धी सरोकारका संरचना वा समितिहरुमा १२ देखि १८ वर्षका बालबालिकाको संस्थागत सहभागिता सुनिश्चित भएको हुनेछ । | ९० प्रतिशत | ९० प्रतिशत | |
| ३६. | बाल भेलाबाट माग भई आएका योजनाहरु स्थानीय तहको योजनामा समावेश भएका हुनेछन् । | ५० प्रतिशत | १०० प्रतिशत | |
| **संस्थागत विकास** | | | | |
| ३७. | वडा तहमा बालमैत्री स्थानीय शासन समिति गठन भई क्रियाशील भएको हुनेछ | १०० प्रतिशत | १०० प्रतिशत | |
| ३८. | स्थानीय तहले आफ्ना लागि बालमैत्री आचारसंहिता र नीति नियम तर्जुमा गरी कार्यान्वयमा ल्याएको हुनेछ | १०० प्रतिशत | १०० प्रतिशत | |
| ३९. | गाउँपालिकामा कम्तिमा एक बाल उद्यान सहितको बालमैत्री सिकाइ श्रोत केन्द्र सञ्चालनमा रहेको हुनेछ । | ५० प्रतिशत | ८० प्रतिशत | |
| ४०. | बालबालिकाको बस्तुगत विवरण (प्रोफाइल) को अधारमा स्थानीय तहको विकास योजना र बालबालिकाको लागि लगानी योजना तर्जुमा भई कार्यान्वयमा भएको हुनेछ । | ७५ प्रतिशत | १०० प्रतिशत | |
| ४१. | स्थानीय तहको योजना तर्जुमा पूर्व वार्षिक रुपमा र गाउँपालिका तहमा बालभेला आयोजना गरी बालभेलाले प्राथमिकता तोकेका विषयलाई स्थानीय तहको योजना तर्जुमा प्राथमिकतामा समावेश गरिएको हुनेछ । | ५० प्रतिशत | १०० प्रतिशत | |
| ४२. | स्थानीय तहमा बालबालिका सम्बन्धी | १०० प्रतिशत | १०० प्रतिशत | |

| | | | | |
|---|---|---|---|---|
| | स्थितिपत्रको तयारी तथा प्रकाशन अद्यावधिक भएको हुनेछ । | | | |
| ४३. | प्रारम्भिक बालविकास केन्द्रहरुले स्थानीय तहले तोकेको न्यूनतम मापदण्ड पूरा गरेका हुनेछन् । | १०० प्रतिशत | १०० प्रतिशत | |
| ४४. | विद्यालयले कक्षा ६ देखि १० सम्मका विद्यार्थीहरुका लागि बालमैत्री, वातावरणमैत्री र विपद् व्यवस्थापन सम्बन्धी अतिरिक्त क्रियाकलाप सञ्चालन गरेका हुनेछन् । | ७५ प्रतिशत | १०० प्रतिशत | |
| ४५. | आधारभूत शिक्षा पश्चात् विद्यालय शिक्षाबाट वञ्चित भएका बालबालिकाहरुले जीवनोपयोगी शिक्षा प्राप्त गरेका हुनेछन् | ८० प्रतिशत | ८० प्रतिशत | |
| ४६. | स्थानीय तहमा रहेका प्रहरी चौकीहरुमा बालमैत्री कक्ष वा बालमैत्री सम्पर्क इकाइ रहेको हुनेछ । | ५० प्रतिशत | १०० प्रतिशत | |
| ४७. | विद्यार्थी सवार हुने शैक्षिक संस्थाका सवारी साधनहरु स्थानीय सरकारले तोकेको न्यूनतम मापदण्ड अनुसार बालमैत्री र अपांगतामैत्री हुनेछन् । | १०० प्रतिशत | १०० प्रतिशत | |
| ४८. | स्थानीय तहको प्रशासकीय कार्यालयमा स्तनपान कक्षको व्यवस्था भएको हुनेछ । | १०० प्रतिशत | १०० प्रतिशत | |
| ४९. | बसपार्क, सिनेमा हल, हाटबजार, खेल मैदानजस्ता सार्वजनिक स्थलहरुमा बालमैत्री शौचालय र खानेपानीको व्यवस्था भएको हुनेछ | ९० प्रतिशत | १०० प्रतिशत | |
| ५०. | स्थानीय तहको विपद् व्यवस्थापन योजनामा विपद्को समयमा बालबालिकाको आवश्यकता सम्बोधन गर्ने प्रावधान समावेश भएको हुनेछ | १०० प्रतिशत | १०० प्रतिशत | |
| ५१. | विपद्को समयमा बालबालिका तथा अपांगता भएका व्यक्तिहरुको विशेष सहयोगका लागि संस्थागत व्यवस्था भएको हुनेछ | १०० प्रतिशत | १०० प्रतिशत | |

## १.१ बाल बचाउ (को अवस्था)

बाल बचाउ अन्तर्गत १४ वटा सूचकहरु तय भएका छन् । यी सूचकहरु बालमैत्री स्थानीय शासन कार्यान्वय निर्देशिका २०७८ ले तय गरेको हो । अन्नपूर्ण गाउँपालिका, वडा नं. ५ मा, यस क्षेत्र अन्तर्गतका सूचकहरुको अवस्था तल विस्तृतमा व्याख्या गरिएको छ :

बाल बचाउको सुनिश्चितताका लागि **गर्भवती महिलाहरुले कम्तिमा प्रसुतीपूर्व चार पटक र प्रसुतीपश्चात् आमा र नवजात शिबुको कम्तिमा ३ पटक स्वास्थ्य जाँच** गराएको हुनुपर्ने व्यवस्था छ । घरधुरी सर्वेक्षण अनुसार ६४.३८ प्रतिशत महिलालेमात्र गर्भवती अवस्थामा र नवजात शिशुको स्वास्थ्य जाँच तोकिए अनुसार गरेको बताएका छन् ।

गर्भमा रहेको शिशु र गर्भवती महिलालाई धनुष्टंकार हुनबाट बचाउनका लागि गर्भवती महिलाले **गर्भावस्थामा दुई पटक धनुष्टंकार विरुद्धको खोप** लगाएको हुनुपर्छ । सर्वेक्षण अनुसार ८७.५ प्रतिशत महिलाले मात्र दुई पटक नै खोप लगाएको बताएका छन् । महिला स्वास्थ्य स्वयंसेविका र स्वास्थ्य आमा समूहसँगको समन्वयमा यस सूचकमा सुधार गर्नुपर्ने देखिन्छ ।

गर्भमा रहेको शिशु र मूलतः गर्भवती तथा सुत्केरी अवस्थामा रगतमा फलामको कमी हुन नदिनका लागि **महिलाले आइरन चक्की पूरा मात्रामा** (**२२५ चक्की**) **खाएको** हुनुपर्छ । बालमैत्री घोषणाका लागि कम्तिमा ९५ प्रतिशत महिलाले पूरा मात्रामा आइरन चक्की खाएको हुनुपर्छ । सर्वेक्षण अनुसार गर्भवती र सूत्केरी ६४.७१ प्रतिशत महिलाले तोकिएको मात्रामा आइरन चक्की खाएको बताएका छन् भने बाँकीले आइरन चक्की खाएको भए पनि कति खाएको भन्ने स्पष्ट नभएको बताएका छन् ।

कुनै पनि स्थानीय तह वा वडा बालमैत्री हुनका लागि **कम्तिमा ८० प्रतिशत महिलाले दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराएको हुनुपर्ने** प्रावधान छ । सर्वेक्षण अनुसार ४७.०६ प्रतिशतले स्वास्थ्य संस्थामा नै गएर र बाँकीले महिला स्वास्थ्य स्वयंसेविकाको सहयोगमा घरमा नै सुत्केरी भएको बताएका छन् । सतप्रतिशत सुत्केरी स्वास्थ्य संस्थामा नै गराउने सरकारको नीतिलाई कार्यान्वयनमा ल्याउनका लागि यस गाउँपालिकामा अझै पनि जागरणमूलक र उत्प्रेरणामूलक क्रियाकलाप सञ्चालन गर्नुका साथै भौतिक पूर्वाधार र सुविधामा सुधार ल्याउनुपर्ने देखिन्छ ।

बाल बचाउको सुनिश्चितताका लागि कम्तिमा **८० प्रतिशत महिलाले नवजात शिशुलाई कम्तिमा ६ महिनासम्म आमाको दूधमात्र खुवाउनुपर्छ** । सर्वेक्षण अनुसार ९६.१० प्रतिशतले ६ महिनासम्म वा सोभन्दा बढी अवधिसम्म बच्चालाई आमाको दूध खुवाएको उल्लेख गरेका छन् ।

६ महिनादेखि ५ वर्ष उमेर समूहका सबै बालबालिकालाई **वर्षको २ पटक भिटामिन ए क्याप्सुल** खुवाउनुपर्छ । सर्वेक्षण अनुसार यस वडामा १०० प्रतिशत बालबालिकालाई वर्षको दुई पटक नै नियमित रुपमा भिटामिन ए क्याप्सुल खुवाइएको छ ।

बालमैत्री हुनका लागि **एक वर्ष भित्रका सबै बालबालिकाले नेपाल सरकारले तोकेका सबै र पूर्ण खोप हासिल गरेको** हुनुपर्छ । यस वडामा ९८.०६ प्रतिशत बालबालिकाले सबै खोप प्राप्त गरेका छन् ।

यस वडामा एचआईभी संक्रमित आमाबाट कुनै शिशुको जन्म भएको छैन ।

**सतप्रतिशत घरधुरीले आयोडिनयुक्त नून प्रयोग** गरेको हुनुपर्छ । सर्वेक्षण अनुसार यस गाउँपालिकामा सतप्रतिशत घरधुरीले आयोडिनयुक्त नून नै प्रयोग गर्दछन् ।

बालमैत्री हुनका लागि **कम तौल, पुड्को र ख्याउटेपन पाँच वर्ष मुनिका बालबालिकाको संख्यामा ८० प्रतिशतले कमी आएको** हुनुपर्छ । यस वडामा ९९.०७ प्रतिशत घरधुरीले आफ्ना बालबालिकामा ख्याउटेपन तथा पुड्कोपन नरहेको वा कुपोषणको असर नभएको बताएका छन् बाँकी घरधुरीमा कुपोषित बालबालिका रहेको बताएका छन् । यसैगरी, अति कडा कुपोषण भएका बालबालिकाको संख्या न्यून भएको र उनीहरुको उपचार भएको हुनुपर्छ । सर्वेक्षण अनुसार कुपोषण र अति कडा कुपोषण भएका बालबालिकाको आवश्यकता अनुसार उपचार गरिएको छ । हाल कुनै पनि बालबालिकामा अति कडा कुपोषण रहेको छैन ।

**सतप्रतिशत घरधुरीमा आधारभूत तहको खानेपानी** उपलब्ध हुनुपर्नेमा सर्वेक्षण अनुसार ९८.९६ प्रतिशत घरधुरीमा पिउने पानीको उपलब्धता रहेको छ । तर ५ घरधुरीको आफ्नै पानीको श्रोत नभएको र सामुहिक धाराबाट पानी उपभोग गर्ने गरेका छन् । गाउँपालिकाबाट एक घर एक धाराको नीतिलाई आगामी आर्थिक वर्षभित्रै सम्पन्न गर्नुपर्ने देखिन्छ ।

दिगो विकास लक्ष्यलाई मध्यनजर गर्दै नेपाल सरकारले सन् २०३० सम्म **सम्पूर्ण घरधुरीमा सुधारिएको श्रोतबाट पानी उपलब्ध गराउने** लक्ष्य लिएको छ । सर्वेक्षण अनुसार ४.६२ प्रतिशत घरधुरीले मुहानबाट सिधै जोडेर ल्याएको धाराको पानी प्रयोग गर्दछन् । मुहानबाट जोडेर ल्याएको धारा र शुद्धीकरण प्लान्ट नभएको प्रणालीको धारामा समेत कम्तिमा वर्षा याममा पानी परीक्षण गरी प्रदूषित नभएको सुनिश्चित गर्नका लागि खानेपानी ल्याब सञ्चालन वा सञ्चालनमा रहेका खानेपानी परीक्षण प्रयोगशालासँग समन्वय गर्नुपर्ने देखिन्छ ।

जोखिमपूर्ण अवस्थामा साबुन पानीले हात धुने अभ्यासले सरसफाइजन्य रोगमा ४३ प्रतिशतसम्म कमी ल्याउन सकिन्छ । नेपालमा बाल कुपोषण र बाल मृत्युको एक कारण सरसफाइजन्य रोग समेत हो । त्यसैले, कुनै पनि इकाइलाई बालमैत्री घोषणा गर्नका लागि सम्पूर्ण **जोखिमपूर्ण अवस्थामा सतप्रतिशत बालबालिकाले साबुन पानीले हात धुने अभ्यास गरेको** हुनुपर्छ । सर्वेक्षण अनुसार ९९.७९ प्रतिशत घरधुरीमा बालबालिकाले जोखिमपूर्ण अवस्थामा साबुन पानीले हात धुने गरेको बताएका छन् ।

बालमैत्री घोषणाका लागि सो स्थान खुला दिसामुक्त हुनुका साथै सतप्रतिशत घरपरिवारले शौचालयमा नै दिसा पिसाव गर्ने गरेको हुनुपर्छ । सर्वेक्षण अनुसार ९९.३७ प्रतिशत घरधुरीमा मात्र एकल शौचालय रहेको छ भने ३ घरधुरीमा संयुक्त शौचालय प्रयोग भइरहेको छ । एक घरधुरी एक शौचालयका लागि गाउँपालिका र वडाले सो घरधुरीमा सहजीकरण गर्नुपर्ने देखिन्छ ।

## १.२ बाल संरक्षण (को अवस्था)

बाल संरक्षण अन्तर्गत १० वटा सूचकहरु तय भएका छन् । यी सूचकहरु बालमैत्री स्थानीय शासन कार्यान्वय निर्देशिका २०७८ ले तय गरेको हो । यस वडामा, यस क्षेत्र अन्तर्गतका सूचकहरुको अवस्था तल विस्तृतमा व्याख्या गरिएको छ :

बालमैत्री वडा घोषणाका लागि **पाँच वर्ष मुनिका सबै बालबालिकाको जन्म दर्ता भएको** हुनुपर्छ । यस वडामा पाँच वर्ष मुनिका ९६.९७ प्रतिशत बालबालिकाको जन्म दर्ता भएको बताएका छन् । बालमैत्री

स्थानीय शासन वडा समितिका सदस्यको सहजीकरणमा बाँकी घरधुरीको पहिचान गरी जन्म दर्ता अभियान नै सञ्चालन गर्नुपर्ने देखिन्छ ।

**सतप्रतिशत घरधुरीमा निकृष्ट प्रकारको बाल श्रम अन्त्य गर्दै प्रभावित बालबालिकाको पुनःस्थापना** भएको हुनुपर्ने पूर्वसर्त रहेको छ । सर्वेक्षण अनुसार कुनै पनि घरधुरीमा बाल श्रम नरहेको बताएका छन् । यसको निरन्तरताका लागि बालश्रममुक्त कार्यक्रमलाई सँगै सञ्चालन गर्नुपर्ने देखिन्छ ।

बालमैत्री वडा तथा पालिका घोषणाका लागि सम्बन्धित स्थानीय तह **बाल विवाहमुक्त** भएको हुनुपर्छ । अन्नपूर्ण गाउँपालिकालाई बाल विवाहमुक्त घोषणा गर्ने लक्ष्य लिएको भए पनि हालसम्म सो घोषणा हुन सकेको छैन । राष्ट्रिय जनगणना २०७८ अनुसार यस वडामा अझै पनि बालविवाह कायम रहेको देखिन्छ । तथ्यांक अनुसार करिब २०.४ प्रतिशत महिला र ५.४ प्रतिशत पुरुषको विवाह १५ देखि १७ वर्ष उमेरमा नै हुने गरेको छ । यसैगरी, ३३.६ प्रतिशत महिला र २१.७ प्रतिशत पुरुषको विवाह १८ देखि २० वर्षको उमेरमा हुने गरेको छ । त्यसैले, बाल विवाहका बहुआयामिक कारणहरुको खोजी गरी सोको निराकरणका लागि यस वडामा समेत आवश्यक कदम चाल्नुपर्ने देखिन्छ ।

घरपरिवार, समुदाय, सार्वजनिक स्थलमा बालबालिकाविरुद्ध हुने **हिंसा, बेचविखन, शोषण, बेवास्ता र दुर्व्यसनमा ८० प्रतिशतले कमी आएको** प्रावधान बालमैत्री स्थानीय शासनमा रहेको छ । सर्वेक्षण अनुसार अझै पनि १५ प्रतिशत बालबालिका र किशोरीमाथि सार्वजनिक स्थल र समुदायमा कुनै न कुनै प्रकारको हिंसा हुने गरेको सर्वेक्षणले देखाएको छ ।

**समुदायमा आधारित बाल संरक्षण प्रणाली स्थापना** भई सञ्चालनमा आएको हुनुपर्छ । अन्नपूर्ण गाउँपालिकामा समुदायमा आधारित बाल संरक्षण प्रणाली स्थापना भई सञ्चालनमा रहेको छैन भने यस वडामा समेत औपचारिक प्रणाली स्थापना भएको छैन । त्यसैले, गाउँपालिका सँगको समन्वयमा यस वडाले आफ्नै तर्फबाट र प्रदेश सरकारसँग समन्वय गरी समुदायमा आधारित बाल संरक्षण प्रणाली सञ्चालनमा ल्याउनुपर्ने देखिन्छ ।

यस वडामा छाउपडी, कमलरी लगायतका प्रथा खुला रुपमा त बाँकी छैनन् । तर, **महिनावारीको नाममा किशोरी र महिलाको सहभागिताको अधिकार भने हनन् भैरहेको** देखिन्छ । महिनावारी स्वभाविक प्राकृतिक प्रक्रिया भए पनि महिनावारीको समयमा भान्छामा प्रवेश गर्न नदिने, धार्मिक तथा साँस्कृतिक कार्यमा सहभागिता जनाउन नदिने कार्यले किशोरीहरुको विकास र सहभागिताको अधिकारको हनन् हुन्छ । नेपालको संविधानले समेत महिलाको हक अन्तर्गत कुनै पनि नाममा महिलामाथि कुनै पनि किसिमको विभेद गर्न नपाउने सुनिश्चित गरेको छ । सर्वेक्षण अनुसार २५ प्रतिशत घरधुरीमा महिला तथा किशोरीहरु महिनावारीको समयमा धार्मिक तथा साँस्कृतिक कार्य गर्दैनन् । बाँकीले अहिले पहिलेजस्तो विभेद नहुने बताए पनि महिनावारीको समयमा किशोरीहरु धार्मिक साँस्कृतिक कार्यमा सहभागिता जनाउन भने विभिन्न सीमाहरु हुने बताए । त्यसैले, विभेद हुने घरधुरीलाई समेत समावेश गरी मर्यादित महिनावारीको बारेमा जागरणमूलक कार्यक्रम निरन्तरता दिनुपर्ने देखिन्छ ।

**१४ वर्ष मुनिका बालबालिका असहाय भएमा उनीहरुको संरक्षणका लागि समुदाय तहमा विशेष व्यवस्था** भएको हुनुपर्ने प्रावधान छ । हाल गाउँपालिकाले .................. सँगको समन्वय र सहकार्यमा १४ वर्ष मुनिका अअसहाय बालबालिका भेटिएमा उनीहरुको संरक्षणको विशेष व्यवस्था गर्ने गरेको छ ।

स्थानीय तह बालमैत्री हुनका लागि **विद्यालयहरुले बालबालिकालाई कुनै पनि किसिमको शारीरिक तथा मानसिक यातना दिनु हुँदैन** । यसको सुनिश्चितताका लागि यातनाविरुद्धको संयन्त्र तयार गरी यसलाई सक्रिय राखेको हुनुपर्छ । यस गाउँपालिकामा रहेका कुनै पनि विद्यालयले यस सम्बन्धी आचारंहिता, नीति तथा संयन्त्र बनाई कार्यान्वयनमा ल्याएको देखिदैन । गाउँपालिकाले तयार गरेको आचारसंहितामा आधारित भएर विद्यालयहरुका लागि गाउँपालिकाले नै नीति तथा आचारसंहिता तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने देखिन्छ ।

विद्यालयहरुमा गरिएको सर्वेक्षण अनुसार विद्यालयहरुले शारीरिक तथा मानसिक यातना नदिने गरेको बताए पनि यसको सुनिश्चितता हुने संयन्त्र यस वडामा समेत देखिदैन । विद्यालयले विद्यार्थीलाई कुनै पनि किसिमको शारीरिक तथा मानसिक यातना दिएमा प्रचलित कानुन अनुसार कारवाही गरिने बताए पनि यसको प्रमाणीकरण भने हुन सकेन ।

सरकारी तवरबाट बाल सुधार गृह सञ्चालनमा रहेको छैन । यसअघि पनि गाउँपालिकाभित्र कुलतमा लागेका बालकलाईसुधार गृहमा राखी उपचारपश्चात् परिवारमा नै पुनःस्थापना गरिएको सर्वेक्षणका क्रममा देखिएको छ । यस गाउँपालिका क्षेत्रमा भाँगो खेती हुने र किशोरहरुले भाँगोको पातलाई गाँजाको रुपमा प्रयोग गर्ने गरेको समुदाय एवम् वडा तहमा हुने छलफलमा देखिएको छ ।

## १.३ बाल विकास (को अवस्था)

बाल विकास अन्तर्गत ६ वटा सूचकहरु तय भएका छन् । यी सूचकहरु बालमैत्री स्थानीय शासन कार्यान्वय निर्देशिका २०७८ ले तय गरेको हो । यस वडामा यस क्षेत्र अन्तर्गतका सूचकहरुको अवस्था तल विस्तृतमा व्याख्या गरिएको छ :

कुनै पनि स्थानीय तह वा वडा बालमैत्री घोषणा हुनका लागि **३ देखि ४ वर्ष उमेर पुगेका सबै बालबालिका प्रारम्भिक बाल विकास कक्षामा भर्ना भै टिकाउदर सतप्रतिशत** पुगेको हुनुपर्छ । सर्वेक्षण अनुसार सो उमेर समूहका सतप्रतिशत बालबालिका प्रारम्भिक बाल विकास कक्षामा जान्छन् ।

सिकाइलाई प्रभावकारी बनाउनुका साथै मानसिक तथा सम्वेगात्मक विकासका लागि प्रारम्भिक बाल विकास कक्षा महत्वपूर्ण मानिन्छ । यसले बालबालिकाको सिकाइलाई प्रभावकारी बनाउनुका साथै सामाजिकीकरणमा समेत सहयोग पुग्दछ ।

**१४ वर्ष उमेर समूहका सतप्रतिशत बालबालिकाले आधारभूत शिक्षा पूरा** गरेको हुनुपर्छ । सर्वेक्षण नतिजा अनुसार १४ वर्ष मुनिका ६ बालबालिका विद्यालय नजाने गरेको देखिएको छ । सम्बन्धित घरधुरीसँग समन्वय गरी वडा समितिले उनीहरुको शिक्षाको निरन्तरता वा जीवनोपयोगी सीप सिकाउने व्यवस्था गर्नुपर्ने देखिन्छ ।

**प्रत्येक विद्यालयमा खानेपानीको सुविधा सहित छात्रछात्राको लागि अलग अलग शौचालयको व्यवस्था भई यसको प्रयोग भएको** हुनुपर्ने बाल विकास अन्तर्गत अर्को सूचक रहेको छ । संघीय सरकारले २०७४ चैत्रमा विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी कार्यविधि जारी गरी सूचकका आधारमा विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छताको अवस्था अनुगमन गरी ताराविहिन, एक तारा, दुई तारा र तीन तारा प्रदान गर्ने प्रावधान राखेको छ । यस अन्नपूर्ण गाउँपालिकाले विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी कार्यविधि तयार गरी यस कुराको नीतिगत सुनिश्चितता गरेको भए पनि हालसम्म कुनै

पनि विद्यालयका खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सुविधाहरु सूचकका आधारमा अनुगमन गरी स्तरीकरण गरिएका छैनन् ।

सबै विद्यालयमा विद्यार्थीका लागि आधारभूत तहको खानेपानी तथा सरसफाइ र स्वच्छताका सुविधा भए पनि कार्यविधिका आधारमा सम्पूर्ण विद्यालयको खानेपानी, सरसफाइ तथा स्वच्छता अवस्थाको स्वमूल्यांकन गरी सुधारात्मक पक्षहरु पहिचान गर्नु आवश्यक रहेको देखिन्छ । यसैगरी, गाउँपालिकाको वास प्लान तयारी अवस्थामा रहेको र विद्यालयको वास प्लान तयार नभएकोले यस वडामा रहेका विद्यालयको विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने देखिन्छ ।

**हरेक विद्यालयका पूर्वाधार बालमैत्री, अपांगमैत्री र सुरक्षित** भएको हुनुपर्दछ । यस वडाका विद्यालयको अनुगमन गर्नुका साथै अन्तरवार्ता गर्ने क्रममा पूर्वाधार सामान्यतः बालमैत्री भए पनि अपांगतामैत्री बनाउनका लागि सुधार गर्नुपर्ने देखिन्छ ।

## १.४ बाल सहभागिता (को अवस्था)

बाल सहभागिता अन्तर्गत ६ वटा सूचकहरु तय भएका छन् । यी सूचकहरु बालमैत्री स्थानीय शासन कार्यान्वय निर्देशिका २०७८ ले तय गरेको हो । यस वडामा यस क्षेत्र अन्तर्गतका सूचकहरुको अवस्था तल विस्तृतमा व्याख्या गरिएको छ :

वडा तथा विद्यालय तहमा **बाल क्लब गठन** भएका छन् । तर, ती क्लबहरुका लागि आवश्यक क्षमता विकासको कार्य आशातित रुपमा हुन सकेको छैन । यसैगरी, क्लबहरुको वार्षिक योजना तयार गरी सोको कार्यान्वयन गर्नुका साथै अनुगमन गर्ने प्रणाली सुचारु हुन सकेको छैन । गाउँपालिकाले गत वर्ष नै बालमैत्री स्थानीय शासन प्रवर्द्धन कार्य सुरु गरेको भए पनि लागि आचारसंहिता तयार गरी कार्यान्वयनमा ल्याउन ढिलाइ भएको देखिन्छ । सार्वजनिक स्थल, कार्यालय, विद्यालय र सामुदायिक संघसंस्थामा आचारसंहिता सबैले देख्न सक्ने गरी राख्ने, आचार संहिता कार्यान्वयनमा आए नआएको अनुगमन गर्ने र वार्षिक प्रतिवेदन तयार गर्ने कार्य हुन नसकेको देखिन्छ ।

यसैगरी, कम्तिमा **९५ प्रतिशत स्थानीय तहका बस्ती, टोल र विद्यालयहरुमा समावेशी आधारमा बाल क्लब गठन भई परिचालन भएको हुनुपर्ने** प्रावधान बाल सहभागिता अन्तर्गत रहेको छ । यस वडामा र विद्यालयहरुमा बाल क्लब गठन भए पनि टोल र बस्ती तहमा बाल क्लब तथा सञ्जालहरु गठन गर्ने काम बाँकी नै रहेको देखिन्छ । यसैगरी, वडा र विद्यालय तहमा गठन भएका बाल क्लबको समेत वार्षिक योजना तयार गरी कार्यान्वयनमा ल्याउने अभ्यासको थालनी गर्नुपर्ने देखिन्छ ।

**५ कक्षाभन्दा माथि अध्यापन हुने विद्यालयहरुमा विद्यालय व्यवस्थापन समिति गठन गर्दा बाल क्लबका प्रतिनिधि समेत सदस्यको रुपमा रहने** प्रावधान रहेको छ । तर, आवश्यक कानुनको अभावमा सो प्रावधानलाई कार्यान्वयनमा ल्याउन सकिएको छैन । वडाले गाउँपालिकासँग समन्वय गरी यस प्रावधानलाई कार्यान्वयनमा ल्याउनु आवश्यक देखिन्छ ।

वार्षिक योजना तयारीका क्रममा अलग्गै बाल भेला आयोजना गर्ने अभ्यास नरहेको देखिन्छ । यस वर्षदेखि बाल भेला आयोजना गरी भेलाबाट आएका योजना तथा मागहरुलाई वार्षिक विकास योजनामा समावेश गर्नुपर्ने देखिन्छ ।

## १.५ संस्थागत विकास (को अवस्था)

संस्थागत विकास अन्तर्गत १५ वटा सूचकहरु तय भएका छन् । यी सूचकहरु बालमैत्री स्थानीय शासन कार्यान्वय निर्देशिका २०७८ ले तय गरेको हो ।

**बालमैत्री स्थानीय शासन वडा समिति गठन** भैसकेको छ भने वडा समितिले द्वैमासिक बैठक बस्ने निर्णय पहिलो बैठकबाट गरेको छ ।

संस्थागत विकासको सुनिश्चितताका लागि गाउँपालिकाले **आवश्यक ऐन, कानुन, कार्यविधि, निर्देशिकाहरु तयार** गरी त्यसलाई कार्यान्वयनमा ल्याएको हुनुपर्छ । यस वडाले समेत आवश्यक ऐन र अन्य कानुनहरु निर्माण गर्न गाउँपालिकासँग सहकार्य गर्नुपर्ने देखिन्छ ।

गाउँपालिकामा कम्तिमा एउटा **बाल उद्यान सहितको बालमैत्री सिकाइ श्रोत केन्द्र** स्थापना र सञ्चालन हुनुपर्ने प्रावधान रहेको छ । गाउँपालिकामा बाल उद्यान सहितको बालमैत्री सिकाइ श्रोत केन्द्र नभएकोले यस वडाले समेत वडाभित्र सो श्रोत केन्द्र सञ्चालनका लागि गाउँपालिकासँग समन्वय गर्नेछ ।

वडा तहको संक्षिप्त **बाल प्रोफाइल** तयार गरिएको छ भने प्रत्येक वर्ष स्थितिपत्र अद्यावधिक गर्ने कार्य थालनी भएको छ ।

सबै वडाहरुले बाल प्रोफाइल या स्थितिपत्र तयार गरी बालमैत्री स्थानीय शासन सुनिश्चितताका लागि लगानी योजना तयार नगरीकन गाउँपालिका तहको लगानी योजना तयार हुन सक्तैन । यसविना **वार्षिक विकास योजनामा बालमैत्री स्थानीय शासनका लागि आवश्यक लगानीको श्रोत सुनिश्चितता** गर्न कठिन हुन्छ । यसका लागि बालमैत्री स्थानीय शासन वडा समितिले यस वडामा आवश्यक लगानी योजना तयार गरी कार्यान्वयनका लागि गाउँपालिकासँग आवश्यक समन्वय गर्नेछ ।

यस वडाका सबै विद्यालयमा बाल विकास केन्द्र सञ्चालनमा नरहेको र भएका पूर्वप्राथमिक तहमा समेत तोकिएका मापदण्ड सबै पूरा भएका छैनन् । स्थलगत अवलोकन र सर्वेक्षणका क्रममा करिब ६० प्रतिशत मापदण्ड पूरा भएको भए पनि अझै ४० प्रतिशत मापदण्ड पूरा गर्नुपर्ने देखिन्छ ।

विद्यालयहरुले **कक्षा ६ देखि १० सम्मका विद्यार्थीका लागि बालमैत्री, विपद तथा वातावरण र महिनावारी स्वच्छता व्यवस्थापन सम्बन्धी विशेष कक्षाहरु** तालिका बनाएर, आवश्यकता अनुसार बाह्य सहजकर्ताको सहजीकरणमा सञ्चालन गर्नुपर्ने प्रावधान रहेको छ । गाउँपालिकामा रहेका विद्यालयहरुले यी विषयमा कक्षा लिने भए पनि वार्षिक तालिका र अतिरिक्त पाठ्यक्रम तयार गरी यस किसिमका कक्षा सञ्चालन गरेको भने पाइएन ।

यस वडामा आधारभूत तह पूरा नगरी नियमित अध्ययन छोड्ने बालबालिका ५ जना) रहेका छन् । आधारभूत तह पूरा गरे या नगरेका तर, **नियमित अध्ययनबाट बाहिर रहेका बालबालिकालाई जीवनोपयोगी सीप सिकाएको हुनुपर्ने** सूचक बालमैत्री स्थानीय शासनमा रहेको छ । यस गाउँपालिकामा औपचारिक संयन्त्रमार्फत नै जीवनोपयोगी सीप सिक्ने व्यवस्था हुन सकेको छैन ।

यस पालिकामा रहेका प्रहरी चौकीमा बालमैत्री कक्ष वा बालमैत्री सम्पर्क इकाइ रहेको छैन । गाउँपालिकाले यसै वर्षभित्र सम्पूर्ण प्रहरी इकाइहरुसँग समन्वय गरी बालमैत्री सम्पर्क इकाइ स्थापना र सञ्चालनको नीति अवलम्वन गर्नुपर्ने देखिन्छ ।

गाउँपालिका बालमैत्री हुनका लागि मुख्य कार्यालय र संघसंस्थाहरुमा **स्तनपान कक्षको व्यवस्था** हुनु आवश्यक रहेको छ । गाउँपालिकामा स्तनपान कक्ष भए पनि वडा कार्यालयहरुमा स्तनपान कक्षको व्यवस्था छैन ।

बसपार्क, सिनेमा हल, हाटबजार, खेल मैदानजस्ता **सार्वजनिक स्थलहरुमा बालमैत्री, अपांगतामैत्री र महिलामैत्री खानेपानी तथा सरसफाइ सुविधा** हुनुपर्नेमा सो हुन सकेको देखिदैन ।

स्थानीय तहले वार्षिक रुपमा विपद पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गर्ने भए पनि बालबालिकाको दृष्टिकोणबाट तयार गर्ने अभ्यास रहेको छैन । बालबालिका तथा गर्भवती महिलालाई विपद्को समयमा प्राथमिकता दिइने भए पनि नीतिगत रुपमा सो विषय सम्बोधन हुनु सकेको छैन ।

## २. बालमैत्री अवस्था सुनिश्चितताका लागि गर्नुपर्ने सुधारहरू

स्थितिपत्रको आधारमा यसै आर्थिक वर्षभित्र वडालाई बालमैत्री वडा घोषणा गर्नका लागि तपसिल बमोजिम सुधार गर्नुपर्ने देखिन्छ ।

| क्र.सं. | कार्य विवरण | संख्या | जिम्मेवारी | श्रोत |
|---|---|---|---|---|
| १. | पाँच वर्ष मुनिका बालबालिका भएका घरमा जन्मदर्ताका लागि घरदैलो र फलोअप गर्ने | ४ | बालमैत्री स्थानीय शासन वडा समिति | वडाको नियमित बजेट |
| २. | कुपोषित बालबालिकाको पोषण सुधारका लागि फलोअप र आवश्यक समन्वय तथा सहयोग गर्ने | ४ | महिला, बालबालिका र ज्येष्ठ नागरिक शाखा | बालबालिका र स्वास्थ्य तर्फको नियमित वार्षिक बजेट |
| ३. | पानीको आफ्नै श्रोत नभएको घरमा श्रोत सुनिश्चितता गर्ने | ५ | खानेपानी तथा सरसफाइ शाखा | खानेपानी तर्फको वार्षिक बजेट वा दातृ निकायको बजेट |
| ४. | आफ्नै शौचालय नभएको घरमा शौचालय निर्माण गर्न लगाउने | ३ | बालमैत्री स्थानीय शासन वडा समिति | घरधुरीको स्वलगानी |
| ५. | मर्यादित महिनावारी अभ्यास प्रवर्द्धनका लागि जागरणमूलक कार्यक्रम सञ्चालन गर्ने | ५ | बालमैत्री स्थानीय शासन वडा समिति | महिला सशक्तीकरण तर्फको वार्षिक बजेट |
| ६. | ३ वर्ष पूरा भएर पनि बाल विकास कक्षामा भर्ना नभएका घरधुरीमा फलोअप गर्ने | निरन्तर | बालमैत्री स्थानीय शासन वडा समिति | |
| ७. | ८ कक्षा पूरा नगरी पढाइ छोडेका घरधुरीमा फलोअप गरी पुनः भर्ना वा जीवनोपयोगी सीपको व्यवस्था गर्ने | ६ | बालमैत्री स्थानीय शासन वडा समिति | स्थानीय बाल कोष र शिक्षा तर्फको बजेट |
| ८. | वडाभित्र समुदायमा आधारित बाल संरक्षण प्रणाली सञ्चालनमा ल्याउने | १ | बालमैत्री स्थानीय शासन वडा समिति र वडा कार्यालय | पालिकास्तरीय बाल कोषबाट |
| ९. | वडाभित्र रहेका विद्यालय यातनामुक्त | १ | बालमैत्री स्थानीय | पालिकास्तरीय |

| | | | | |
|---|---|---|---|---|
| | बनाउनका लागि विद्यालयहरुसँग छलफल, संयुक्त अभिमुखीकरण, आचारसंहिता तयारी र प्रतिवद्धता, गुनासो प्रणाली सञ्चालनमा ल्याउने | | शासन गाउँपालिका समिति र सहजकर्ता | बालमैत्री कार्यक्रम बजेट |
| १०. | कुलतमा लागेका बालबालिकाका लागि सुधार गृहमा राख्ने व्यवस्था | १ | गाउँपालिका | बाल संरक्षण सम्बन्धी वार्षिक बजेटबाट |
| ११. | सम्पूर्ण विद्यालयको खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यविधि २०८० बमोजिम स्वअनुगमन र स्तरीकरण गरी सुधारका लागि School WASH Plan तयार गर्ने | | बालमैत्री स्थानीय शासन गाउँपालिका समिति र सहजकर्ता | पालिकास्तरीय विद्यालय सुधार कार्यक्रमको बजेटबाट |
| १२. | आवश्यकता अनुसार टोल तहमा बाल क्लब गठन गर्ने | ५ | बालमैत्री स्थानीय शासन वडा समिति | बाल बालिका सम्बन्धी वार्षिक कार्यक्रमबाट |
| १३. | पाँच कक्षाभन्दा माथि पढाइ हुने विद्यालय व्यवस्थापन समितिमा बालबालिकाको संस्थागत सहभागिता सुनिश्चित गर्ने | १ | गाउँ कार्यपालिका ( स्थानीय शिक्षा ऐन र नियमावलीमा आवश्यक परिमार्जन गरी) | संस्थागत विकास, सेवा प्रवाह र सुशासन वा परामर्शको वार्षिक बजेटबाट |
| १४. | स्वास्थ्य व्यवस्थापन समितिमा बाल क्लब वा सञ्जालको प्रतिनिधित्व सुनिश्चित गर्ने | १ | स्थानीय स्वास्थ्य ऐनमा आवश्यक व्यवस्था गरी | नियमित कार्यक्रम |
| १५. | बाल भेलाबाट माग भई आएका योजनाहरु स्थानीय तहको योजनामा समावेश भएको सुनिश्चित गर्ने | १ | गाउँ कार्यपालिका र सम्बन्धित वडाहरु ( स्थानीय तहको योजना तर्जुमा मार्गदर्शनमा समावेश गरेर) | नियमित कार्यक्रम |
| १६. | वडामा रहेको सिकाइ केन्द्रको स्तरोन्नति गर्ने | १ | बालमैत्री स्थानीय शासन वडा समिति र वडा कार्यालय | गाउँपालिकासँगको समन्वयमा, शिक्षा सुधार तर्फको बजेट |
| १७. | वडाका विषय समेत समावेश गरी गाउँपालिकास्तरीय लगानी योजना तयार गर्ने | १ | बालमैत्री स्थानीय शासन वडा समिति ( गाउँपालिकास्तरीय समितिसँग समन्वय गर्ने) | गाउँपालिका |
| १८. | विद्यालयले कक्षा ६ देखि १० सम्मका विद्यार्थीहरुका लागि बालमैत्री, वातावरणमैत्री र विपद् व्यवस्थापन सम्बन्धी अतिरिक्त क्रियाकलाप सञ्चालन गरेको सुनिश्चित गर्ने | १ | बालमैत्री स्थानीय शासन गाउँपालिका समिति र वडा समिति (शिक्षा शाखासँगको समन्वयमा वार्षिक | शिक्षा तर्फको वार्षिक बजेट |

| | | | | |
|---|---|---|---|---|
| | | | तालिका तयार गर्ने) | |
| १९. | आधारभूत शिक्षाबाट वञ्चित भएका वा माध्यमिक शिक्षाबाट वञ्चित भएका र जीवनोपयोगी सीप सिक्न चाहनेहरुलाई वार्षिक रुपमा जीवनोपयोगी सीप कार्यक्रम (Better Life Option Program) सञ्चालनमा ल्याउने | १ | बालमैत्री स्थानीय शासन वडा समिति ( गाउँपालिका स्तरीय समिति र गाउँपालिका सँगको समन्वयमा) | युवा लक्षित बजेटबाबट |
| २०. | स्थानीय प्रहरी चौकीमा बालमैत्री कक्ष वा समन्वय इकाइ तथा फोहल पर्सनको व्यवस्था गर्न लगाउने | | बालमैत्री स्थानीय शासन वडा समिति ( गाउँपालिका स्तरीय समिति र गाउँपालिका सँगको समन्वयमा) | |
| २१. | सम्पूर्ण सार्वजनिक कार्यालयहरुको स्थलगत लेखाजोखा र अध्ययन गरी आवश्यक स्थानमा स्तनपान कक्ष व्यवस्थापन गर्न लगाउने | | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा र गाउँपालिका | आगामी वर्षको वार्षिक बजेटमा व्यवस्था गरेर |
| २२. | सार्वजनिक स्थलमा आवश्यकता अनुसार प्रयोगकर्तामैत्री खानेपानी तथा सरसफाइ संरचना निर्माण गर्ने | ५ | वडा समिति र गाउँपालिका | गाउँपालिकाको आगामी वर्षको वार्षिक बजेटमा व्यवस्था गरेर |
| २३. | गाउँपालिका तहमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति तयार गरी विद्यमान ऐन कानुन र व्यवस्थाहरुलाई सोही अनुरुप हुने गरी परिमार्जन गर्ने | | विधायन समिति, संस्थागत विकास समिति र गाउँपालिका (विज्ञको सहयोग लिएर) | संस्थागत विकास वा सेवा तथा परामर्शको वार्षिक बजेटबाट |

# बालमैत्री गाउँपालिका निर्माणका लागि

# अन्नपूर्ण गाउँपालिका, वडा नं. ५ को अनुरोध

- बालबालिका जन्मिएको ३५ दिनभित्रै अनिवार्य रुपमा जन्मदर्ता गरौं
- बालबालिकालार्य अनिवार्य रुपमा सरकारले तोके बमोजिम खोप लगाऊँ
- गर्भवती महिलाले सुत्केरी हुनुपूर्व चार पटक र त्यसपछि चार पटक अनिवार्य रुपमा स्वास्थ्य जाँच गराऔं
- जोखिमपूर्ण अवस्थामा (खाना खानु र खुवाउनुअघि, खाना बनाउनुअघि, विरामी र बच्चाको स्याहार गर्नुअघि, दिसा धोएपछि, फोहर छोएपछि, विरामीको स्याहार गरेपछि) अनिवार्य रुपमा साबुन पानीले हात धोऔं
- ३ देखि ४ वर्ष उमेरका बालबालिकालाई अनिवार्य रुपमा बाल विकास केन्द्रमा भर्ना गरौं
- १५ वर्षभन्दा कम उमेरको कुनै पनि बालबालिकामाथि बाल श्रम शोषण भएको जानकारी भएमा गाउँपालिका, वडा वा नजिकको प्रहरी कार्यालयमा जानकारी गराऔं
- विद्यालयहरुलाई बालबालिकामाथिको यातनामुक्त र बालमैत्री अवस्थामा पुऱ्याऔं
- महिनावारी स्वभाविक र प्राकृतिक प्रक्रिया हो । त्यसैले, महिनावारीको समयमा कुनै पनि छुवाछुत र विभेद नगरौं
- घरपरिवार, कार्यालय र सार्वजनिक स्थलमा बालबालिका र किशोरीहरुमाथि कुनै पनि प्रकारको हिंसाजन्य कार्य नगरौं र गर्न नदिऊँ ।

## बालमैत्री स्थानीय शासन वडा समिति

# अन्नपूर्ण गाउँपालिका, वडा नं. ५

म्याग्दी, गण्डकी प्रदेश